म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १९६ मंगलबार, १३ फागुन २०८१ ने. सं. ११४५ सिल्लागा 25 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषधसहित बकैयाका सुनार पक्राउ

हेटौंडा, १२ फागुन/मकवानपुर प्रहरीले लागूऔषध सहित एक युवकलाई पक्राउ गरेको छ । हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटे चकेपोस्टका प्रहरीले लागूऔषधसहित मकवानपुर वकैया गाउँपालिका-४ छतिवनका २४ वर्षीय नवीन सुनारलाई पक्राउ गरेको हो ।

वीरगन्जवाट चितवनतर्फ गइरहेको ना ७ ख ११६ नम्बरको यात्रुबाहक बसलाई प्रहरीले रातोमाटे चेकपोस्टमा रोकेर खानतलासी गर्दा सुनारको साथबाट डाइजेपाम २८ एम्पुल, फेनार्गन ५९ एम्पुल र नुफिन १३ एम्पुल गरी १०० एम्पुल बरामद गरेको जिल्ला प्रहरी कार्यालय हेटौंडाका प्रवक्ता एवम् प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले बताए ।

# कांग्रेस र एमाले इमानदार हुँदासम्म सरकार ढल्दैनः पोखरेल

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ नेकपा एमालेका वरिष्ठउपाध्यक्ष ईश्वर पोखरेलले आगामी चुनावमा नेपाली कांग्रेसबाट मुलुकको समस्या समाधान हुन नसक्ने बताएका छन् ।

सोमबार एमाले जिल्ला कमिटी मकवानपुरको बैठकमा सम्बोधन गर्दै वरिष्ठउपाध्यक्ष पोखरेलले २०८४ को चुनावमा प्रतिस्पर्धा गर्दैगर्दा कांग्रेसबाट मुलुकमा देखिएको संकटको समाधान हुन नसक्ने बताएका हुन् । राष्ट्रमा देखिएको संकट समाधानको लागि पनि एमालेले आगामी चुनावमा बहुमत ल्याउनुपर्ने उनको भनाई छ । एमालेले बहुमत ल्याउन नसक्दा मुलुक फेरि पनि राजनीतिक अस्थिरताको भुमरीमा फस्ने उनले उल्लेख गरेका छन् ।

'कुन बेला कसको सरकार बन्ने र ढल्ने ठेगान हुँदैन, जनताले सेवा प्राप्त गर्न सक्दैन, यो दुर्भाग्यबाट बचाउन पनि एमालेले बहुमत ल्याउन जरुरी छ' उनले भने । वरिष्ठ उपाध्यक्ष पोखरेलले एमालेलाई देशको निर्णायक राष्ट्रिय शक्ति बनाउनुपर्नेमा जोड दिए । उनले लोकतन्त्रलाई सबल बनाउन पनि एमाले बलियो हुनुपर्ने बताए । एमालेको नेतृत्वलाई बदनाम गराउन विभिन्न तत्वहरु क्रियाशील हुँदा कार्यकर्तापंक्ती चुप लागेर बस्न नमिल्ने उनको भनाई छ । वरिष्ठ उपाध्यक्ष पोखरेलले वडा तहबाटै एमालेलाई बलियो बनाउनुपर्ने धारणा व्यक्त गरे ।



वरिष्ठ उपाध्यक्ष पोखरेलले वर्तमान सरकार कसैले पनि ढाल्न नसक्ने बताएका छन् । कांग्रेस र एमालेमा बेईमानी पलाए मात्र सरकार ढल्ने उनको भनाई छ । दुबै दल इमानदार हुँदासम्म ओली नेतृत्वको सरकार नढल्ने उनले दाबी गरे । वरिष्ठ उपाध्यक्ष पोखरेलले राजनीतिक स्थायित्वको लागि वर्तमान सत्तासमीकरण निर्माण भएको स्पष्ट पारे ।

२०७९ को निर्वाचनपछि राजनीतिक अस्थिरतको बिगबिगी चलिरहेको समयमा दुबै दलले आपसमा सहकार्य गरेको उनले उल्लेख गरेका छन् ।

वरिष्ठ उपाध्यक्ष पोखरेलले माओवादी केन्द्रतर्फ संकेत गर्दै कांग्रेस म्याजिकल नम्बरको चक्करमा फस्दा २०७९ को निर्वाचन पछि राष्ट्रिय सहमतिको सरकार बन्न नसकेको बताएका छन् । कांग्रेससँग मिल्दै गर्दा आगामी चुनावीमा कांग्रेस नै मुख्य प्रतिस्पर्धी दल हो भन्ने कुरालाई नभुल्न पनि उनले कार्यकर्तालाई आग्रह गरे । जनताको मन जितेमात्र मत प्राप्त गर्न सकिने भएकोले जनचाहना बुझेर काम गर्न पोखरेल कार्यकर्तालाई निर्देशन दिएका छन् ।

**नेकपा एसका २ दर्जन नेता कार्यकर्ता एमालेमा फर्किए**

नेकपा (एकीकृत समाजवादी) बागमती प्रदेश कमिटीका पूर्वसदस्य शिवहरि बर्तौलासहित करिब दुई दर्जन नेता कार्यकता नेकपा (एमाले)मा फर्किएका छन् ।

सोमबार एमाले मकवानपुरको पूर्णबैठकमा उनीहरु एमालेमा प्रवेश गरेका हुन् । उनीहरुलाई एमाले वरिष्ठ उपाध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री ईश्वर पोखरेल, एमाले स्थायी कमिटी सदस्य तथा बागमती ईन्चार्ज डा.राजन भट्टराई, एमाले केन्द्रीय सदस्य तथा मकवापुर ईन्चार्ज रामेश्वर रानालगायत नेताहरुले पार्टीमा स्वागत गरे ।

बर्तौलासहित समाजवादी मकवानपुरका जिल्ला कमिटी सदस्य मानबहादुर बल, पूर्वजिल्ला कमिटी सदस्य कर्णबहादुर पाख्रिन, देवलाल गोले, सुनिलकुमार गोले, लोकबहादुर घिसिङ एमालेमा प्रवेश गरेका हुन् ।

समाजवादी भीमफेदी गाउँपालिका कमिटीका सचिवालय सदस्य रवि खड्का, पालिका कमिटी सदस्य वीरबहादुर बल, शेरमान थापा, हेटौंडा-१ उपसचिव भुपाल थिङलगायत दुई दर्जन नेता कार्यकर्ता एमालेमा फर्किएको कार्यक्रमको सहजीकरण गरेका एमाले मकवानपुरका उपाध्यक्ष हिदम लामाले जानकारी दिएका छन् ।

एमालेमा फर्किएका बर्तौलाले समाजवादी पार्टीबाट देश नबन्ने निष्कर्षसहित एमालेमा समाहित भएको बताए । उनले समाजवादीमा रहेकाहरुलाई एमालेमा फर्कन र पार्टी काम लाग्न आग्रह गर्दै एमालेको मिसन ८४ मा कटिवद्ध भएर लाग्ने प्रतिवद्धता व्यक्त गरे ।

पार्टी प्रवेश कार्यक्रमलाई सहजीकरण गरेका उपाध्यक्ष लामाले पार्टीको तीन महिने वडा केन्द्रीत जरा अभियान अन्तर्गत पार्टी प्रवेश कार्यक्रम भएको बताए । सोमबार बाट सुरु भएको दुईदिने जिल्ला कमिटी बैठकमा सबै स्थानीय तह कमिटीको रिर्पोटिङ लिने र अभियानलाई अझ बृहत ढंगले अगाडि बढाउने बारेमा छलफल हुने बताइएको छ ।

# पहिलो सहभागितामै चर्चब्वाइज बागमती गोल्डकप उपाधि जित्न सफल




साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ पहिलो सहभागितामै चर्चब्वाइजले मकवानपुरको बागमती गाउँपालिकामा भएको सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको उपाधि जितेको छ ।

सोमबार बागमती-४ स्थित सहिदस्मृति रंगशालामा भएको फाइनल खेलमा साविक विजेता मछिन्द्र क्लबलाई १-० गोलले हराउँदै चर्चब्वाइजले उपाधी हात पारेको हो । चर्चब्वाइजको उपाधि दिलाउन समीर तामाङ नायक बने । उनले खेलको ४७ मिनेटमा गरेको गोल नै निर्णायक बन्यो । खेलको म्यान अफ द म्याच का तामाङ घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे ।

उपाधिसँगै चर्चब्वाइजले १० लाख रुपैयाँसहित ट्रफी प्राप्त गरेको छ भने उपविजेता मछिन्द्रले ५ लाख रुपैयाँमा चित्त बुझाएको छ । चर्चब्वाइजले पहिलो सहभागितामै गोल्डकपको उपाधि जितेको हो । मछिन्द्रले थ्रीस्टारलाई र चर्च ब्वाइजले एपीएफलाई हराउँदै फाइनलमा प्रवेश गरेको थियो ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी चर्चब्वाइजका सन्तोष खत्री घोषित भए । उनले १ लाख १ हजार १ सय १ रुपैयाँ प्राप्त गरे । यस्तै उत्कृष्ट गोलरक्षक चर्चब्वाइजका टेकेन्द्र थापा, डिफेन्डर मछिन्द्रका देवेन्द्र तामाङ, मिडफिल्डर मछिन्द्रका रोशन रानामगर, फरवार्ड चर्चब्वाइजका समीर तामाङ र प्रशिक्षक चर्चब्वाइजका सुमन श्रेष्ठ घोषित भए ।

विधागत उत्कृष्ट सबैले जनही २५/२५ हजार रुपैयाँ प्राप्त गरेका छन् । पालिका खेलकुद विकास समितिले गाउँपालिकाको खेलकुद क्षेत्रको महत्वपूर्ण योगदान पुर्‍याएको भन्दै रेडियो झुरझुरेका स्टेसन म्यानेजर विवेक सिंतानलाई १५ हजार राशीको उत्कृष्ट पत्रकारिता पुरस्कारबाट सम्मान गरेको छ ।

बागमती खेलकुद विकास समितिका अध्यक्ष रहरसिं थिङको सभाध्यक्ष तथा बागमती प्रदेशसभाका सदस्य प्रेमबहादुर पुलामीको प्रमुख आतिथ्यतामा भएको पुरस्कार वितरण कार्यक्रममा बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान, उपाध्यक्ष फडिन्द्रकुमार तिमल्सिना, प्रमुख प्रशासकीयअधिकृत ओमबहादुर दर्जी, एन्फा केन्द्रीय सदस्य टीका लामा लगायतको आतिथ्यता रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत
☞मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## भूमि समस्या समाधान आयोग मकवानपुरले पायो पूर्णता
# फागुनभित्रै केही पूर्जा वितरण हुने



साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ भूमि समस्या समाधान आयोग जिल्ला समिति मकवानपुरले सोमबार पूर्णता पाएको छ । समितिको विज्ञ सदस्यमा अर्जुनप्रसाद चौलागाईं र सदस्यमा कविन सांगामीले नियुक्ति पाएसंगै आयोग जिल्ला समिति पूर्ण भएको हो ।

यसअघि माघ २५ गते अध्यक्ष पदमा बलराम बल र सदस्य पदमा दिलु घर्तीले नियुक्ति पाएका थिए । आयोगमा नियुक्ति पाउने बल र घर्ती नेकपा एमालेबाट हुन् भने चौलागाईं र सांगामी नेपाली काँग्रेस पार्टीबाट हुन् ।

आयोगले पूर्णता पाएसंगै अब तीव्र गतिमा काम अगाडि बढाउने अध्यक्ष बलले जानकारी दिए । उनका अनुसार फागुन महिनाभित्रै केही पूर्जा वितरण हुनेछ । 'मंगलबार हामी बैठक बस्दैछौं', अध्यक्ष बलले भने- पुरानो आयोगले गरेको कामको निरन्तरता दिंदै प्रक्रिया पुर्‍याएर पूर्जा वितरण कार्यलाई तीव्रता दिनेछौं ।

# मकवानपुरका घिमिरेले पोखरा थन्डर्सको प्रशिक्षक बने

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ मकवानपुरका सुविन घिमिरेले पोखरा थन्डर्स एफसीको प्रशिक्षकको जिम्मेवारी पाएका छन् ।

आगामी चैत्र १६ गतेबाट सुरु हुन लागेको तेस्रो संस्करणको नेपाल सुपर लिग (एनएसएल) फुटबल प्रतियोगितामा पोखराले सहभागिता जनाउँदै छ । काठमाडौंमा भएको अक्सन (खेलाडी छनोट)मा उनी पोखरा थन्डर्सको प्रतिनिधित्व गर्दै सहभागी थिए । 'प्रशिक्षणको जिम्मेवारीमा रहेर काम गर्नेछु । तेस्रो संस्करणको एनएसएलमा पोखरा थन्डर्ससँग आवद्ध हुन पाउँदा खुसी लागेको छ', घिमिरेले भने । मकवानपुरका विभिन्न क्लवलाई मोफसलका गोल्डकपमा उपाधि जिताइसकेका उनी 'बी' लाइसेन्स प्राप्त प्रशिक्षक हुन् ।



एनएसएलमा प्रशिक्षकको रुपमा काम गर्ने उनी पहिलो व्यक्ति हुन् । एनएसएलका लागि पोखराको टिम सन्तुलित बनेको उनले प्रतिक्रिया दिए । 'प्रायः सबै टिम विदेशी खेलाडीकै भरपर्ने अवस्था देखिएको छ । अक्सनबाट हामीले सकेसम्म राम्रा खेलाडीलाई लिएका छौं', घिमिरेले भने । पोखराको मुख्य प्रशिक्षक भने सुमन श्रेष्ठ रहेका छन् । पोखरा थन्डर्सले नेपालगञ्जमा 'क्लोज क्याम्प' गर्ने तयारी गरेको छ ।

पूर्व 'ए' डिभिजन खेलाडी समेत रहेका घिमिरे मकवानपुर जिल्ला फुटबल संघका पूर्वउपाध्यक्ष समेत हुन् । नेपाल स्पोर्टस एन्ड इभेन्ट्स म्यानेजमेन्ट (एनएसइए) को आयोजनामा हुन लागेको सुपर लिगमा यसपटक पोखरा थन्डर्ससहित ललितपुर सिटी, झापा एफसी, एफसी चितवन, काठमाडौं रेजर्स एफसी, बुटवल लुम्बिनी एफसी र धनगढी एफसी गरी ७ टोलीले सहभागिता जनाउँदैछन् ।

आजका कलाकारहरु
☞ प्रिति पासवान
☞ अस्मिता अधिकारी
☞ महेश काफ्ले
☞ कर्णराज गिरी
☞ नविन पौडेल
साथमा
हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003
स्ट्रेन्ज पार्टनरः शिवम् सिमेन्ट
"Quality संगैं समयमै Delivery को मामलामा पनि No Compromise"

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्कः ०५७-५२०८१६

महोत्सवका आकर्षणहरु
☞निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
☞बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
☞सूचना प्रविधि प्रदर्शनी ।
☞कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
☞दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
☞शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
☞मनोरञ्जनात्मक बाल उद्यान ।
☞नविनतम उपकरणहरुको प्रदर्शनी ।
☞ नयां/नौलो प्रबिधिको प्रदर्शनी ।

साझाकुरा

## हाम्रो कुरा

# सुरक्षा चुनौतीमा औद्योगिक क्षेत्र

हेटौंडा औद्योगिक क्षेत्रमा कम्पाउण्ड वाल निर्माण हुन नसक्दा निजीक्षेत्रको अर्बौं रुपैयाँको लगानी शान्तिसुरक्षाको दृष्ट्रिले जोखिममा रहेको छ । अमेरिकी सरकारको सहयोगमा ६१ वर्षअघि निर्माण गरिएको औद्योगिक क्षेत्रको पर्खाल निर्माण हुन सक्केको छैन । औद्योगिक क्षेत्रको बीचबाट मकवानपुरको पूर्वीक्षेत्रमा जाने सडकमा वर्षौंदेखि निर्वाध सवारी सञ्चालनमा छ । औद्योगिक क्षेत्रको छेवैमा रहेको राजमार्गमा दैनिक हजारौं सवारी साधन गुडिरहेका हुन्छन् । २५ मिटर सडक विस्तार अलमलको कारण हेटौंडामा रहेको औद्योगिक क्षेत्रमा निर्माण गरिने भनिएको वाल निर्माण अलमलमा परेको छ । औद्योगिक क्षेत्रमा रहेको उद्योगलाई सुरक्षा दिन औद्योगिक क्षेत्रको चारैतिर ६ किलोमिटर कम्पाउण्ड वाल लगाउनु जरुरी छ । उद्योगीले औद्योगिक क्षेत्रभित्रको सार्बजनिक बाटो बन्द गर्न माग गर्न भने छोडेका छैनन् । पूरानो ईतिहास बोकेको हेटौंडा औद्योगिक क्षेत्रमा रहेका १५ भन्दा बढी उद्योग पनि ऐतिहासिक नै छन् । जीर्ण भएका त्यस्ता भवन जुन धराप थापेझैं अवस्थामा छन् ।

हेटौंडा औद्योगिक क्षेत्रमा रहेका औद्योगिक प्रतिष्ठानमा सुरक्षाको सामान्य उपायहरु पनि अपनाईएको छैन । हेटौंडा औद्योगिक क्षेत्रको मध्यभागबाट निस्कने सडक कुनै राजमार्ग भन्दा कम व्यस्त छैन । विना रोकतोक सार्वजानिक सवारी निर्वाध आवत/जावत गर्ने कारणले असुरक्षा महशुस भएको छ । हेटौंडा औद्योगिक क्षेत्र एउटा खुल्ला गौचरणभन्दामाथी उठ्न नसकेको गुनासो लगानीकर्ताले गरिरहेका छन् । गर्मी मौसममा हावाहुरीसँगै आगलागी पनि हुन सक्छ । तर, यत्रो ठूलो औद्योगिक क्षेत्रमा एउटा पनि बारुणयन्त्र छैन । औद्योगिक क्षेत्रभित्र अत्याधुनिक बारुणयन्त्र हुनुपर्ने संघले जनाएको छ । चुरियामाईको जंगल र औद्योगिक क्षेत्रको सीमाना जोडिएको छ । आगलागीमात्र हेटौंडा औद्योगिक क्षेत्रको समस्या भने होइन । चुनौतीका चाङबाट गुज्रदै गरेको औद्योगिक क्षेत्रमा सुधार नगर्ने हो भने हेटौंडामा लगानी भित्राउने सपना भाषणमा मात्र सीमित बन्ने लगानीकर्ताको आरोप छ । क्षेत्रफलको हिसाबले हेटौंडा औद्योगिक क्षेत्र देशकै ठुलो औद्योगिक क्षेत्र हो । २०२० सालमा अमेरिकी सरकारको सहयोगमा स्थापना भएका यो औद्योगिक क्षेत्रमा १ सय ४३ उद्योग सञ्चालनमा रहेका छन् । ७ वटा उद्योग बन्द अवस्थामा रहेका छन् । बन्द उद्योगले २ सय ५५ रोपनी जग्गा ओगटेका छन् । कोभिड-१९ महामारी तथा आर्थिक मन्दीको कारण देशको अन्यक्षेत्र जस्तै हेटौंडा औद्योगिक क्षेत्रका उद्योगहरु शिथिल भएका छन् ।

कतिपय उद्योग भने सरकारी ऐन, नियम, कानुनको कारण समस्या झेल्न बाध्य भएका छन् । बन्द भएका उद्योगलाई पत्राचार गरेर उद्योग सञ्चालनको वातावरण बनाउने, उद्योगीको गुनासो सुन्नेलगायत कार्य भइरहेको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ । सरकार परिवर्तन भएपिच्छे औद्योगिक नीति परिवर्तन हुँदा पनि उद्योगलाई संकटको अवस्था देखापरेको छ । सरकारले दुरगामी महत्व राख्ने औद्योगिक नीति बनाउनुपर्ने उद्योगीको भनाई छ । देशकै मध्यभागमा रहेको हेटौंडा औद्योगिक क्षेत्रमा नयाँ उद्योग आउनेक्रम बढेको छ । तर, औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले नयाँ आउने उद्योगलाई सहज रुपमा जग्गा भने उपलब्ध गराउन सकेका छैन । हेटौंडा औद्योगिक क्षेत्रका उद्योगले वार्षिकरुपमा कच्चापदार्थको आयातमा लाग्ने भन्सार महशुल, उत्पादित बस्तु बिक्रीमा लाग्ने भ्याट, अन्तशुल्कलगायत शीर्षकमा वार्षिक १३ अर्ब रुपैयाँ राजश्व तिर्दै आएका छन् । यो साना करदाताको सूचीमा रहेका औद्योगिक प्रतिष्ठानको बिवरण भएको बताइएको छ । ठूला करदाताको सूचीमा रहेका करदाताले तिरेको राजश्व यसमा समाबेश नभएको उद्योग संघले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन १४ गते बुधबार २६ फेब्रुअरी २०२५ । त्रयोदशी, फागुन कृष्णपक्ष । सिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:३३, सूर्यास्त ६:०२ । महाशिवरात्रि । नेपाली सेना दिवस

## आजको राशिफल

| | |
|---|---|
| **मेष** | : परिवारमा कलह |
| **वृष** | : यात्रामा बाधा |
| **मिथुन** | : काममा सफलता हात पर्ने |
| **कर्कट** | : अपजस पाइने |
| **सिंह** | : बौद्धिक कार्यमा बाधा |
| **कन्या** | : व्यवसायमा विवाद |
| **तुला** | : मानसिक अशान्ति |
| **वृश्चिक** | : कार्यमा ढिलाइ |
| **धनु** | : मांगलिक कार्य सम्पादन |
| **मकर** | : उपचारमा खर्च बढ्ने |
| **कुम्भ** | : मानमर्यादाको वृद्धि |
| **मीन** | : नवीन कार्ययोजनामा लगानी |

# देशको अवस्था र अबको बाटो



बालकृष्ण मैनाली

घरदेखि समाज, समाजदेखि राष्ट्र र राष्ट्रदेखि विश्वसम्म नै सम्पूर्ण मानवको बाँच्ने आधार भनेको प्रकृतिले प्रदान गरेका केही विधि र जनजनको सहयोगमा राज्यसत्ताले निर्माण गरी स्थापित गरिदिएका विधिहरु नै हुन् । समय र कालअनुसार दुवै विधि एकैचोटि वा फरक-फरक समयमा परिवर्तन हुन सक्छ । तर प्रकृतिले प्रदान गरेको प्राय: अपरिवर्तनीय हुन्छ । अपरि वर्तनीय नियममा किञ्चित तल-माथि नगरीकन पालना गर्न सक्यो भने मानवले बाँचुन्जेल खासै कष्ट व्यहोर्नुपर्दैन ।

कथंकदाचित जानेर वा नजानेर त्यो विधिलाई मानवले तोड्ने प्रयास गऱ्यो भने मानवअंगले दु:ख पाइछाड्छ । यस कुरामा कतै विमति छैन । सामान्य उदाहरणका लागि प्रकृतिले पाँच ज्ञानेन्द्रियहरु मानवलाई प्रदान गरेको छ, जसमध्ये नाक र मुख पनि हो । प्रकृतिले नाक र मुखको विधि तोकिदिएको छ, जसमध्ये नाकको एउटा महत्वपूर्ण कार्य श्वास लिनु र फाल्नु हो भने मुखका कामहरुमध्ये एउटा भोक लागेको बेलामा वा आवश्यकताअनुसार अन्न ग्रहण गर्नु हो अनि आफ्नो भनाइ बोलेर व्यक्त गर्नु हो ।

यदि मानवले प्रकृतिको विधिलाई मिचेर कानबाटै अन्न ग्रहण गरी आफनो भोक-प्यास मेट्ने प्रयास गऱ्यो भने के होला ? अथवा नाक र मुख दुवैलाई बन्द गरिदियो भने मानव कति अवधिसम्म जीवित रहला ? पक्कै हो यदि कुनै मानवले यस्तो कार्य गर्छ भने त्यो मानवको अंगले दु:ख पाउँछ-पाँउछ वा जीवन परित्याग गर्ने अवस्थामा पुग्छ ।

त्यस्तै देशलाई सुखी-समृद्धि बनाउन चालिने थुप्रै आधारमध्ये विधिको शासनलाई एउटा महत्वपूर्ण आधार मानिन्छ । सुखी परिवार वा सुखी समाजको आधार पनि त्यही नै हो । किनकि कहीं न कहीं विधिको आवश्यकता हुन्छ नै, विधिलाई नाघ्नासाथ त्यहाँ समस्या पैदा भइहाल्छ । प्रत्येक देशको शासन व्यवस्था पनि त्यस्तै हो । विधिअनुसार देशलाई अगाडि बढाउन सक्यो भने देशका जनताले आफ्नो अधिकार उपभोग गर्दै आ-आफ्नो कर्तव्य निर्वाह गर्ने जमर्को गर्दछन् । यदि देशलाई विधिभन्दा बाहिर गएर आफूखुशी हाँक्न खोजिन्छ र प्रयास गरिन्छ भने जनताले आफ्नो कर्तव्य निभाउन बिर्सन्छन्, जसको परिणति सुखद हुन सक्दैन ।

प्राय: जनजन विभिन्न विपत्तिमार्फत अर्थात् प्राकृतिक विपत्तिदेखि लिएर सरकारको नीतिगत विपत्तिका कारणले हैरान खेपिरहेको तथ्य लुकेको छैन । यस्ता विपत्तिहरुबाट जनजनले कहिले छुटकारा पाउने हो ? कुनै टुंगो छैन । देशमा बेलाबेलामा देखा परिरहने यस्ता समस्यालाई सार्थकरुपमा छोटोभन्दा छोटो अवधिमा कसरी सम्बोधन गरेर पार पाउने भनी लागिपर्नुको सट्टा स्वार्थकेन्द्रित विषयलाई जहिले पनि प्राथमिकतामा पारेको देख्दा जनजन आत्तिन पुगेका छन् ।

पछिल्लोपटक सञ्चारमा छाएका विभिन्न समाचारहरुले माथि उल्लिखित कुराहरुलाई शतप्रतिशत प्रतिनिधित्व गरिरहेका छन् । यो वा त्यो नाउँमा दुई तिहाइको दम्भले कहिल्यै नथाकेका राजनीतिक व्यवसायीहरुभित्रको आन्तरिक कचिङ्गल र आफ्नो गुटगत स्वार्थको लागि भइरहने कामले कहिल्यै विश्राम पाएन । देशमा वर्तमान संविधान लागू भइसकेपछि पनि पटक-पटकका सरकारले संवैधानिक दुरुपयोगको प्रयासलाई निम्त्याउने गरिरहेका छन् । विभिन्न अध्यादेश ल्याउने र खारेज गर्ने प्रयोजनमा पनि संवैधानिक धाराहरु दुरुपयोगको रुपमा सलबलाइरहेका छन् ।

पटक-पटक हुने र भइरहने यस्ता कार्यहरुले गर्दा संविधानका सबै धाराहरुमा प्रत्यक्ष, अप्रत्यक्ष असर पर्ने गरेको छ । संविधानका सबै धाराहरु निष्क्रियको अवस्थाबाट गुज्रिन बाध्य हुन पुगेका छन् । सत्ताका शासकहरुले बेलाबेलामा चालिने गैरसंवैधानिक कार्यले संविधानका प्राय: सबै जनहितकारी धाराहरु ओझेलमा पर्दै गएको जनजनमा अनुभूति हुन पुगेको धेरै समय व्यतीत भइसकेको छ ।

सत्तामा पुग्नेहरुलाई जनहितको लागि केही तत्काल कार्य गर्नुपर्ने अवस्था सिर्जना भएमा उक्त प्रयोजनको लागि संविधानमा केही खुकुलो धाराहरुको व्यवस्था गरिएको हुन्छ । हो, हाम्रो संविधानमा पनि धारा ११४ एउटा खुकुलो धारा हो । कुनै पनि खुकुलो धारालाई आफ्नो सीमित स्वार्थको लागि प्रयोग गरिनुहुँदैन । देशको विडम्बना नै मान्नुपर्दछ, पटक-पटक सत्तामा पुग्ने राजनीतिक व्यवसायीहरुले यो वा त्यो नाउँमा खुकुलो र विशेष परिस्थितिमा प्रयोग गरिनुपर्ने धारालाई आफ्ना लहडबाजीको रुपमा प्रयोग गरिने कार्यले तीव्रता पाउँदै गयो । कुनै पनि शासकले संविधानको खुकुलो धारा प्रयोग गर्दा संवैधानिक मर्ममाथि प्रहार हुन जान्छ कि भनेर सदैव सचेत हुनुपर्दथ्यो । विडम्बना, यस किसिमको कुरा राज्य सञ्चालन गर्ने नेतृत्वहरुको प्राथमिकतामा कहिल्यै पर्न सकेन ।

देशका हाम्रा राजनीतिक व्यवसायीहरुले आ-आफ्ना स्वार्थरुपी चरित्रहरु प्रदर्शन गर्ने प्रक्रियाहरुको अन्त्य हुनै सक्केको छैन । पछिल्लो सार्वजनिक भएको विभिन्न समाचारहरूले यसै कुरालाई प्रतिनिधित्व गर्दछ । अहिले एकातिर पेस भएको अध्यादेशको समाचारले देश गर्माएको छ । अध्यादेश ल्याउनुको औचित्य ठीक भए वा नभएको बारेमा सत्तासीन दलहरु एमाले र कांग्रेसभित्रै एक-अर्कालाई व्यङ्ग्यात्मक प्रहार गर्ने कार्य शुरु गर्न थालिसकेका छन् ।

कोही अध्यादेशको औचित्य नरहेको कुरालाई प्रथिमकता दिन्छन् भने कोही अध्यादेशका आवश्यकतालाई प्राथमिकता दिन्छन् । कोही अध्यादेशलाई पारित गर्ने बहानामा सत्ताको भऱ्याङ चढ्न आतुर छन् भने कोही यही विषयलाई लिएर प्रधानमन्त्रीले नैतिकताको आधारमा राजीनामा दिएर बाटो सहज पारिदिन ड्यार ड्यारसमेत गर्ने गरेका छन् । सरकार र नागरिकहरुको सम्बन्ध नङ र मासुको जस्तो हुनै पर्दछ ।

यस्तो सम्बन्ध कायम रहन सक्यो भने सरकारलाई पीडा हुँदा नागरिकलाई पनि पीडा हुन्छ र नागरिकलाई पीडा हुँदा सरकार लाई पनि पीडा हुन्छ । सामाजिक सञ्जालमा गरिएको पोस्ट र राज्यमा यता केही समयदेखि देखिन थालेका जनजनका आवाजहरुदेखि लिएर दैनिक तथा साप्ताहिक समाचारपत्रहरुमा सार्वजनिक भएका प्रतिनिधि समाचारहरुले राज्य अझै नागरिकसँग टाढिएको नै अनुभूति गराएको छ ।

'नेपालमा झन् बढ्यो भ्रष्टाचार', 'विभिन्न भ्रष्टाचारका मुद्दाहरु पनि फिर्ता लिन सकिने प्रावधान राख्ने प्रयास', 'प्रधानमन्त्री र मन्त्रीको सम्पत्ति विवरण लुकाउन थालियो', 'विनोद चौधरीलाई सातखत माफ', '५२ विवादित संवैधानिक नियुक्तिको विषयमा चार वर्षपछि १२ औं पेसीमा सुनुवाइ शुरु', 'संसद् विघटनको विपक्षमा गए प्रधानन्यायाधीश हुन नदिने धम्की', 'चल्न सक्ने मुद्दाहरु पनि नचल्नेको सूचीमा समावेश' आदि शीर्षकका समाचारहरूले देशमा प्रतिनिधित्व गरिरहेका छन् ।

एउटा विगतको सत्य के हो भने, मतदानको माध्यमबाट जनजनले मत दिएर सरकार गठनमा जसरी सहयोग पुऱ्याउने कार्य गरे, दलीयरुपमा गठन हुने कुनै पनि सरकारलाई नागरिक सरकारकै रुपमा ग्रहण गर्ने गरी पठाएका थिए । जो-जो व्यक्ति सरकारमा सहभागी भए पनि व्यक्तिलाई गौण ठानी समुच्चरुपमा देशमा नागरिक सरकार छ भन्ने कुराको जनजनले अनुभूति लिने प्रयत्न गरेका थिए । विडम्बना, विभिन्न मितिमा संविधान सभादेखि लिएर स्थानीय निकाय र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भइसक्दा पनि दलीय नेतृत्वहरुले सुझबुझरुपमा देशको शासन सत्ता सञ्चालन गर्न असफल नै रहे । आजसम्मको सरकारी कार्यको नतिजाको प्रतिशतलाई अध्ययन गर्दा देशमा नागरिक सरकार छ भन्ने कुराको अनुभूति दिन असफल रहेको विज्ञहरुको ठम्याइ छ ।

यस अर्थमा वर्तमान प्रधानमन्त्री वा अन्य कुनै पनि दलको प्रधानमन्त्री भए पनि, संविधानको धारा ७८ अनुसार प्रधानमन्त्रीले आफ्नै नेतृत्वमा स्वतन्त्र विज्ञहरुलाई आह्वान गरी नागरिक सरकारको गठन गर्ने कार्यलाई प्राथमिकता दिएर विज्ञहरुकै सल्लाहअनुसार भ्रष्टाचार नियन्त्रण गर्न कठोरतापूर्वक लागिनपरीकन देश शुद्धीकरणतिर अगाडि बढ्न सक्दैन । यसमा जुनसुकै दल प्रतिपक्षीको रुपमा देखिए पनि सम्बन्धित राजनीतिक दलले असहमति देखाउनुको साटो त्यस किसिमको सरकार गठनमा सहयोग गरेर भूमिका खेलेमा सबै राजनीतिक दलहरुको सुझबुझको जनजनले तारिफ गर्नेछन् ।

सर्वप्रथम जुनसुकै दलको प्रधानमन्त्री भए पनि तिनले कम्तीमा एक सय एकजना विज्ञहरुको सूची बनाउन अनिवार्य हुन्छ । ती विज्ञहरु स्वतन्त्र नागरिकहरुको हैसियतमा रहेका समाजसेवी, अधिकारवादी, डाक्टर, कानुनविद्, सामाजिक अभियन्ता प्रशासक, व्यवस्थापक कृषिविज्ञ, अर्थविज्ञ, रोजगारविज्ञ, उद्योगी, परराष्ट्रविद्, द्वन्द्वविज्ञ, न्यायविद्, सञ्चारविद्, भूमिविज्ञ, जलस्रोतविज्ञ, वैज्ञानिकलगायत अन्य विशिष्ट व्यक्तिहरु जो यस कठिन घडीमा राष्ट्रलाई सहयोग गर्न तत्परता देखाउँछन् र देखाएका छन्, तिनीहरुको सूची बनाई उनीहरुसँग तत्काल छलफल चलाउनुपर्दछ ।

छलपलपश्चात् आवश्यक पर्ने विज्ञहरुलाई यथास्थानमा नियुक्ति गरी जिम्मेवारी सुम्पिने कार्य हुन सक्यो भने देशले वर्तमान समस्यालाई सम्बोधन गर्न थप बल पुग्ने सम्भावनामा अभिवृद्धि हुन जान्छ । यति काम हुन सक्यो भने जो जुनसुकै दलको प्रधानमन्त्री भए पनि त्यस किसिमको सरकारलाई जनताको साथ प्राप्त भइरहनेछ । कथंकदाचित वा कुनै कारणबाट विज्ञहरु सम्मिलित सरकारको प्रधानमन्त्रीलाई हटाउने कहीँ कतैबाट कुत्सित प्रयास हुन पुग्यो भने पनि जनता ढाल भएर अगाडि उभिनेछन् ।

वर्तमान प्रधानमन्त्रीले नै यो आँट प्रदर्शन गर्न सक्नुभो र तत्पश्चात् पनि कुनै स्वदेशी वा विदेशी शक्तिले षड्यन्त्रमूलक तरिकाले उहाँलाई हटाइएमा पनि उहाँको नाम अमर र हिरहनेछ र जटिल परिस्थितिमा नागरिक सरकारको गठनमार्फत समस्या सम्बोधनको शुरुवात गर्ने देशको प्रथम प्रधानमन्त्रीको रुपमा उहाँको नाम इतिहासमा पनि लेखिनेछ ।

विश्वका विशिष्ट व्यक्तिहरु त्यसै विश्वविख्यात भएका होइनन् भन्ने कुरा यहाँ इंगित गरिरहनुपर्दैन । देश र जनताप्रतिको सेवाभावना र त्यागले नै मानवजीवनलाई महान् बनाउँछ । वर्तमानमा करिब दुई-अढाइ वर्ष बाँकी रहेको प्रधानमन्त्रीत्व पदलाई यो मार्गबाट अवलम्बन गर्ने प्रयासमा सरिक हुन सक्नुभो भने कम्तीमा जानी नजानी आफ्नो तर्फबाट हुन गएको गल्तीको प्रायश्चित्त गरिएको ठहरिनेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# इष्ट इन्डिया कम्पनीका गभर्नर जस्ता ट्रम्प

हरि शर्मा

अहिले विश्वभरि नै दक्षिणपन्थको प्रभाव बढिरहेको बेला उदारवादमाथि पनि प्रश्न उठ्नु चिन्ताको विषय हो । यस्तोमा सामाजिक/राजनीतिक विश्लेषण गरिरहँदा हामी जस्ता पठन-लेखनमा संलग्न व्यक्तिहरू एककिसिमको धरापमा पर्छौं जस्तो लाग्छ । किनभने हामीले जुन आधारमा रहेर समाजलाई हेर्ने कोसिस गर्छौं त्यसको सैद्धान्तिक धरातल आफैंमा मजबुत हुँदाहुँदै पनि त्यसलाई बुझ्ने र आत्मसात् गरेर अगाडि बढ्ने मानिसहरू र विचारधारा निकै कमजोर भएको देखेको छु । उदारवादलाई म तुलनात्मक रूपमा बुझ्छु । यहाँ मार्क्सवाद र उदारवादको तुलना गर्न खोजिएको होइन । उदारवाद आफैंमा एउटा स्थायी/अटल राजनीतिक सिद्धान्त हो । यसले आफूभन्दा फरक विचारलाई कसरी हेर्ने भन्ने कुरालाई महत्व दिन्छ । लोकतन्त्र र उदारवाद सँगसँगै जान्छन् भन्ने मान्यता मैले किन लिएको भने उदारवादी चिन्तनले अल्पसंख्यक, विपक्षी, असहमतिको आवाज र वैकल्पिक राजनीतिलाई स्वीकार्छ ।

त्यसैले लोकतन्त्र जहिले पनि मेरो निम्ति उदारवादी हुन्छ । किनभने लोकतन्त्रको एउटा महत्वपूर्ण संयन्त्र भनेको निर्वाचन हो । यसले जहिले पनि विभिन्न किसिमका परिणामहरू निकाल्छ, जुन हाम्रो अनुकूल नहुन पनि सक्छ । तर पनि भविष्यमा त्यो अनुकूल हुनसक्छ भन्ने एउटा प्रक्रियामा हामी बस्छौं । त्यसले एउटा विचारको सन्तुलन, एकअर्कालाई स्वीकार गर्न सक्ने परिस्थितिको सिर्जना हुन्छ । तर अहिले संसारभरि निषेधको राजनीति आएको देखिन्छ । यदि तपाईं मसँग सहमत हुनुहुन्न भने शतप्रतिशत हुनुहुन्न । ठिक र बेठिकको एउटा ब्ल्याक एण्ड ह्वाइट राजनीति जस्तो देखिन थालेको छ । हुन त नैतिक संसारमा पनि नैतिक र अनैतिक शब्द त हुन्छन्, दुईवटा (द्वित्व) बाइनरी जस्तो । तर मलाई के लाग्छ भने यो बाइनरी नै आधुनिकताको उदय हो ।

के ठिक, के बेठिक ? ठिक हो भने शतप्रतिशत ठिक, र बेठिक पनि शतप्रतिशत भन्ने जुन किसिमको ुवीकरण छ, मलाई लाग्छ उदारवादले यी दुवैलाई मध्यस्थता गर्न सक्छ । कताकता उदारवादी चिन्तन पनि कठोर हुँदै गएको, एकदमै (मूढाग्रहपूर्ण) डग्म्याटिक हुँदै गएकोले पनि यी कुराहरू उठिरहेका होलान् । मैले कहाँनिर इङ्गित गरिरहेको छु भने अहिले संसारमा मात्रै होइन, हाम्रोमा पनि डोनाल्ड ट्रम्पको उदयलाई कसरी हेर्ने भन्ने प्रश्न छ । उदय भन्ने कि पुनरोदय भन्ने ? अघिल्लो पटकको त कास्टिङ मात्रै रहेछ, अहिलेको असली दृश्य जस्तो लागिरहेको छ । जसरी उनले चुनावताका भटाभट 'प्रोजेक्ट ट्वान्टी फाइभ होइन होइन' भन्दै थिए, कि भोलिको अमेरिका कसरी सञ्चालन हुन्छ ? त्यो राष्ट्रपतीय बहसमा पनि त्यो प्रोजेक्ट ट्वान्टी फाइभको बारेमा चर्चा उठेको थियो ।

'होइन होइन' भन्दाभन्दै पनि अहिले प्रोजेक्ट ट्वान्टी फाइभका आर्किटेक्टलाई नै उनले अफिस एण्ड बिजनेस म्यानेजमेन्टको चिफ बनाएर ल्याएका छन्, जसले अमेरिकाको बहुलता, उदार राजनीतिलाई प्रश्नहरू गरिरहेको छ । केही अचम्मका विश्लेषणहरू हामीले सुनिरहेका छौं । त्यो विश्लेषण हाम्रो समयको चिन्तनभन्दा पूर्ण रूपमा फरक छ । इतिहासको विद्यार्थीका रूपमा हेर्दा अहिले ट्रम्पले अमेरिकामा प्रतिनिधित्व गरिरहेको विचारधारा अठारौं शताब्दीको अन्त्य र उन्नाइसौं शताब्दीको सुरुवाततिरको इम्पेरियल मर्केन्टलिज्म, व्यापार र साम्राज्यवादको संयोजन हो जस्तो लाग्छ ।

झट्ट हेर्दा उनी अहिले इष्ट इन्डिया कम्पनीको बोर्ड अफ डिरेक्टरको चेयर अथवा गभर्नर जस्तो देखिन्छन् । कुनै ठाउँमा जाने, त्यहाँको साधन स्रोतहरूमाथि कब्जा गर्न व्यापारको बाटोबाट पस्ने, त्यसपछि जग्गा समेत कब्जा गर्ने । इन्डियामा जब इष्ट इन्डिया कम्पनी आयो या साउथ इष्ट एशियामा पछि बर्मा सेल भयो, डच इष्ट इन्डिया कम्पनीले जसरी प्राकृतिक साधन स्रोतहरूबाट पसेर, आर्थिक व्यापारबाट पसेर, व्यापारको सम्झौताहरूबाट पसेर आधार क्षेत्र विस्तार (टेरिटोरियल एक्स्पान्सन) मै पुग्यो, त्यो मोडेल हो जस्तो लाग्छ । यसमा इतिहासकारहरू खासगरी युरोप र मर्केन्टलिस्ट क्यापिटलिज्मको इतिहास हेर्ने विद्वान्हरूले थप अध्ययन गर्नुपर्ला । तर सरसर्ती हेर्दा अहिले ट्रम्पले जुन किसिमको अभिव्यक्ति दिइरहेका छन् र नीतिहरू ल्याइरहेका छन्, हरेक कुरा कारोबारी/लेनदेनमा हुने, हरेक कुरा व्यापारसँग जोडिने, हरेक कुरालाई उनले 'डिल मेकिङ' भन्छन् । त्यो डिल के हो ? के सबै डिलहरू जिरो सम इक्वेल हुन सक्छन् ? डिलको आधार के हो ? विन-विन सिचुएसनमा डिल हुन्छ कि हुँदैन ?

उनको डिलमा 'अमेरिका फर्स्ट' हुनुपर्छ, अमेरिकाले जित्नुपर्छ, अमेरिकाको हात माथि हुनुपर्छ भन्ने छ । त्यसले जुन किसिमको विश्वयुद्धोत्तर विश्व व्यवस्थामा समानताको विचारधारा थियो अथवा समानताको चिन्ता थियो, अन्तर्राष्ट्रिय सम्बन्धहरूमा पनि ठूला साना देश भए पनि संयुक्त राष्ट्रसंघको उदय पोस्ट वर्ल्ड वार अर्डरमा एउटा नर्म्याटिभ अर्डरका आधारमा बनेको थियो, त्यसलाई चुनौती दिएको छ । हुन त भिटो सिस्टम त छ, तर पनि सबै देशहरू समानताको सिद्धान्त अनुसार महासभामा बराबर छन् । अब बराबरी पनि बाँकी रहेन । चुनावताका म अमेरिकामै थिएँ र केही कुराले अचम्म बनायो । चुनावको नतिजा आइसकेपछि अमेरिकाले क्यानडालाई किन अनुदान दिने भन्यो ।

हो, व्यापारका सन्दर्भमा, व्यापारघाटा र ऋणको सम्बन्ध महत्वपूर्ण हुन्छ । जस्तो भारत र चीनसँग पनि हाम्रो व्यापार सन्तुलन छैन । उनीहरूबाट आयात धेरै हुन्छ । तर अन्य तरिकाबाट त्यो व्यापार घाटालाई देशहरूले वैदेशिक सहयोग, राजनीतिक सन्तुलन आदिबाट सन्तुलन गर्छन् । र, कुनै पनि देश टाट नपल्टियोस् भन्ने धारणा सबैको हुन्छ । त्यो धेरै जटिल कुरा पनि होइन । छिमेकमा हामी रहँदा बस्दा "उयखभचतथ बलथधजभचभ ष्क ब तजचभबत तय उचयकउभचष्तथ बलथधजभचभ" भन्ने हो । ट्रेड युनियनको नारा पनि थियो । मलाई लाग्छ सिकागोबाटै ट्रेड युनियन आन्दोलनबाट आएको नारा हो । यसरी पनि कहिल्यै पनि सानो गरिबी बाँकी रह्यो भने पनि त्यसले संसारभरिको समृद्धिलाई गिज्याउँछ । हामीले सम्झ्यौं भने लोडसेडिङको बेलामा मैले कति समयसम्म घरमा इन्भर्टर राख्न मन गरिनँ । किनभने वरिपरि घर अँध्यारो छ, मैले इन्भर्टर बालेर कसलाई देखाउने भन्ने हुन्थ्यो ।

त्यो चिन्तनबाट दीक्षित भएको मैले अहिलेको अमेरिकामा देखिएको चिन्तन "हामीले अर्काको लागि किन गर्ने ? क्यानडालाई मैले किन हेर्नुपऱ्यो ? मेक्सिकोलाई किन हेर्ने ?" भन्ने कुराले मलाई डर लागिरहेको थियो कि कतै दक्षिण या उत्तरले नेपाललाई किन हेर्ने ? हामीले यिनीहरूलाई सहयोग किन गर्ने ? यिनीहरूको सामरिक र हरेक कुराहरूमा हामीलाई के मतलब भन्न थाल्यो भने ? व्यापार घाटा त हाम्रो भारतसँग पनि छ नि ! घाटा छ, हामीले भारतलाई तिर्नुपर्नेछ । चीनसँग पनि व्यापार घाटा छ । संसारले हामीलाई सहयोग गरेको छ । अन्तर्राष्ट्रिय मौद्रिक प्रणालीले हामीलाई सहयोग गरेको छ । हामीहरू ऋणको किस्ता पनि तिरिरहेका छौं । अब हामी ऋणको किस्ता तिर्न नसक्ने स्थितिमा पुग्ने किसिमको अन्तर ष्ट्रिय व्यवस्था आयो भने के हुन्छ ?

मलाई एउटा सानो मुलुकको हैसियतले, जुन किसिमले हामी संघर्ष गरिरहेका छौं, हाम्रो आर्थिक व्यवस्था दुर्भाग्यवश यत्रो परिवर्तनपछि पनि सही दिशा पक्रिन सकिरहेको छैन भन्ने लाग्छ । यो कुरा स्पष्ट छ । बाहिर हेर्दा बाटोघाटो बनेको पनि देखिन्छ, तर आर्थिक सूचक अझै पनि हाम्रो रेमिट्यान्समा आधारित छ । यो सबै कुरा हुँदा भूराजनीतिक रूपमा भोलि मिस्टर मोदीले 'नेपाललाई हामी किन सघाउने ?' भन्लान् । बराबरी हुनुपर्छ, तर साना देशहरूको आफ्नै किसिमका समस्या हुन्छन् । त्यसैले ट्रम्पले राजनीति र अन्तर्राष्ट्रिय सम्बन्धलाई कारोबारी बनाइरहेका छन्, त्यो बडा अचम्म छ । इजरायलले प्यालेस्टाइनमा त्यत्रो मान्छेको नरसंहार गऱ्यो । अमेरिकामा जुनसुकै सरकार भए पनि त्यहींकै हातहतियार र गोलाबारुद ल्याएर त्यो नरसंहार भएको हो । अब उसले के भन्छ ? त्यो गाजापट्टी अथवा प्यालेस्टिनी भूभाग डिभास्टेड/जर्जर ठाउँ हो । ऊ त्यसपछि कल्पना के देखाउँछ भने म त्यहाँ रिभेरा (रिभरसाइड सेटलमेन्ट) बनाउँछु, जहाँ अन्तर्राष्ट्रिय मानिसहरू बस्न सक्छन् ।

ऊ त व्यापारी हो । उसले बम्बईदेखि बंगलादेश र संसारका हरेक ठूला शहरमा, संसारभरि जग्गा देख्छ । व्यापारी हो, उसले त इष्ट इन्डिया कम्पनीकै मान्छे जस्तो जग्गा देख्छ । पैसा देख्छ, पावर देख्छ । मर्केन्टलिस्ट छ । हुन त अहिले यहुदीहरूले प्यालेस्टाइनमा जे गरे, उनीहरूलाई पनि माया गर्ने ठाउँ छैन । दोस्रो विश्वयुद्धको नरसंहारपछि दु:ख पाएको मानिसले फेरि त्यस्तै अरूलाई किन दु:ख दिन्छ भन्ने प्रश्न सैद्धान्तिक रूपमा अहिले मानिसको मनमा उठिरहेको छ । किन परपीडक हुने ? आफू ग्यास च्याम्बरमा जाने, प्यालेस्टिनीहरूलाई त्यही किसिमको बमबारीको च्यानलमा हाल्ने ? यो के पारा हो परपीडनको ?

*क्रमश: पृष्ठ-३....*

# सशस्त्र प्रहरी विधेयकमा सांसदले औंल्याए ५ सुधार



काठमाडौं/'सशस्त्र प्रहरी बल विधेयक २०८१' संसदीय प्रक्रियामा अगाडि बढेको छ । सोमबार प्रतिनिधिसभामा भएको विधेयकमाथिको सैद्धान्तिक छलफलमा सांसदहरूले सशस्त्रको भूमिका र कार्यक्षेत्रमै प्रष्ट हुनुपर्ने आवश्यकता औंल्याए । गृहमन्त्री रमेश लेखकले गत १५ माघदेखि 'सशस्त्र प्रहरी बल विधेयक २०८१' र 'नेपाल प्रहरी विधेयक २०८१' एकसाथ प्रतिनिधि सभामा दर्ता गरेका थिए । नेपाल प्रहरी विधेयक दफावार छलफलका लागि संसदीय समितिमा पुगिसकेको छ ।

सोमबार सशस्त्र प्रहरी विधेयकमाथिको छलफलमा सांसदहरूले प्रहरी विधेयकमा रहेका प्रावधानहरू स्मरण गरे । यी संगठनको भूमिका प्रष्ट गर्न सुझाए । दुई विधेयकमा रहेका दोहोरोपना हटाउन सुझाए । सशस्त्र प्रहरीको परिचालनको अधिकार, प्रमुख जिल्ला अधिकारीको भूमिकाको आवश्यकता र औचित्यमाथि प्रश्न उठाए । सशस्त्र प्रहरीको सरुवा र बढुवामा राजनीतिक संलग्नता र हस्तक्षेप रहने गरेको भन्दै यस्तो प्रवृतिको अन्त्यको नीति खोजे । यसका लागि उनीहरूले विभिन्न उपाय सुझाएका छन् ।

**नाम सुधार्न सुझाव**

नेकपा एमालेका सचिव योगेश भट्टराईका अनुसार सशस्त्र प्रहरी बल फौज भएकाले यसको नाम नै परिवर्तन गर्नुपर्छ । 'हामी अर्ध सैनिक भन्छौं भने यसलाई सशस्त्र सुरक्षा बल नेपाल भन्न सकिन्छ' उनको प्रस्ताव छ । प्रहरी शब्द राख्दा दुई वटा प्रहरी संगठन जस्तो देखिए पनि सुधार गर्नुपर्नेमा जोड दिए । 'हामीसँग अर्को प्रहरी संगठन (नेपाल प्रहरी) छँदैछ,' उनले भने, 'त्यसको आफ्नो ७० वर्षदेखिको इतिहास छँदैछ ।'

राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपा)को संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठ पनि सशस्त्र सुरक्षा बल नामाकरण गर्नु उपयुक्त हुने बताउँछन् । सशस्त्रको मर्म र भावनाको प्रतिनिधित्व ठीक ढंगले गर्न पनि प्रहरी शब्द हटाउनु उपयुक्त हुने उनको राय छ । उनी अगाडि भन्छन्, 'यसलाई शसस्त्र सुरक्षा बल भनेर राखियो भने यसको भावना ठीक ढंगले प्रतिनिधित्व हुन्छ भन्ने मलाई लाग्दछ ।'

**काममा प्रष्टता**

माओवादी केन्द्रकी सांसद विमला सुवेदीका अनुसार नेपाल प्रहरीले गर्दै आएको काम सशस्त्र प्रहरीलाई समेत दिने गरी विधेयक आएको छ । यसले दोहारोपनाका साथसाथै अस्पष्टता बढाएको छ । 'विधेयकमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको कार्यदेश र कार्यक्षेत्रको अस्पष्टता रहेको छ,' उनले भनिन् । दुवै संगठनको मर्म अनुसार कार्यक्षेत्र स्पष्ट गरिनुपर्ने उनको आग्रह छ । 'नेपाल प्रहरी र सशस्त्र प्रहरी बल अलग-अलग जिम्मेवारीका लागि स्थापना भएका संगठन हुन । यसर्थ, दुवै संगठनको स्थापनाको मुख्य उद्देश्य, कार्यप्रकृति र कार्यक्षेत्र झल्किने गरी विधेयक आउनुपर्नेमा त्यसो हुन सकेको छैन,' उनले भनिन् ।

उनका अनुसार सशस्त्रको चरित्र जनताको जीवनमा कम हस्तक्षेप गने, ब्यारेकबाट ननिस्कने, धेरै घुलमिल नहुने हो । तर, विधेयक सशस्त्रलाई सामान्य अवस्थामा परिचालन गर्ने गरी आएको छ । प्रस्तावित विधेयकलाई जस्ताको तस्तै पारित गए 'सशस्त्र बलको मूल चरित्र, मर्म र भावना विपरीत हुन जाने' उनले बताइन् । उनी भन्छिन्, सशस्त्र प्रहरीको परिचालन सामान्य अवस्थामा जनताको दैनिक जीवनसँग जोडिएर हुँदैन । सशस्त्र प्रहरीको परिचालन विशिष्ठ अवस्थामा हुने हो, सामान्य अवस्थामा होइन ।' सशस्त्र बललाई अनुसन्धान कार्यमा सहभागी गराउन नहुने पनि उनको आग्रह छ ।

'अपराध अनुसन्धानको सम्पूर्ण जिम्मा नेपाल प्रहरीलाई दिनु उपयुक्त हुन्छ । नेपाल प्रहरीलाई नै अनुसन्धानका लागि दक्ष र व्यावसायिक बनाइनुपर्छ । सशस्त्र बलको स्थापना अनुसन्धान कार्यको लागि होइन । यसतर्फ ध्यान दिन अनुरोध गर्न चाहन्छु,' उनले भनिन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद विराजभक्त श्रेष्ठ दुई संगठन नेपाल प्रहरी र सशस्त्र बलको कार्यक्षेत्रमा दोहोरोपन रहे त्यो प्रत्युत्पादन हुने बताउँछन् ।

'सशस्त्र प्रहरी बललाई नेपाल प्रहरी बलको जिम्मेवारीमा पर्ने अनुसन्धान, अपराध नियन्त्रण र पक्राउ जस्ता कार्यमा संलग्न गराउँदा क्षेत्राधिकार दोहोरो हुने र कानुनी द्वन्द्व उत्पन्न हुन सक्ने देखिन्छ । तसर्थ, नेपाल प्रहरीको कार्यक्षेत्र स्पष्ट राख्दै सशस्त्र बललाई सीमा सुरक्षा र विपत व्यवस्थापनमा केन्द्रित गरिनुपर्छ ।'

नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले पनि दुई संगठनको कार्यक्षेत्रमा दोहोरोपन रहेको भनेर गृहमन्त्री रमेश लेखकको ध्यानाकर्षण गरे । उनी भन्छन्, 'सशस्त्र र नेपाल प्रहरीमा स्पष्ट कार्य विभाजन हुने गरी जानुपर्छ । त्यहाँ भित्र द्वन्द्व नहुने गरी हामीले काम गर्नुपर्छ । यसलाई त्यो ढंगले परि मार्जित गरेर लैजानुपर्छ ।' कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडूले पनि सशस्त्रलाई सीमा क्षेत्रमै केन्द्रित गर्नुपर्ने सुझाए । 'सशस्त्रलाई सीमामा मात्रै सीमित गर्नुपर्छ । अनुसन्धानको काममा यसलाई लगाउन हुँदैन,' उनले भने । नेकपा एमालेका सांसद रघुजी पन्तका अनुसार सशस्त्रको कार्यक्षेत्र तीन वटा हुने हुने प्रष्ट गर्नुपर्छ ।

(क) सीमा सुरक्षा
(ख) विपद् व्यवस्थापन
(ग) दंगा नियन्त्रण ।

यी तीन क्षेत्रमा सशस्त्रलाई केन्द्रित गर्ने र नेपाल प्रहरीको कार्यक्षेत्रमा रहेका विषयलाई सशस्त्रको काम कर्तव्य र अधिकारबाट हटाउनुपर्ने बताउँछन् । सांसद पन्त भन्छन्, 'यी तीनमा मात्रै यो बललाई केन्द्रित गरौं । विधेयकमा कतिपय दोहोरो (नेपाल प्रहरी र सशस्त्रको कार्यक्षेत्रमा दोहोरोपन) परेको छ, यसलाई सच्याउनुपर्छ ।'

**"सीडीओको भूमिका अनावश्यक"**

नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेका अनुसार प्रमुख जिल्ला अधिकारी (सीडीओ) सशस्त्र परिचालन गर्ने होइन । यसकारण सिडियोले सशस्त्र परिचालन गर्ने गरी आएको प्रस्ताव सच्याउनुपर्छ । 'यो अर्ध सैनिक प्रकृतिको भएको हुनाले यसको परि चालन त्यही ढंगको हुनुपर्छ । लगभग सैनिकसँग मिल्दोजुल्दो ढंगले यसलाई परिचालन गर्नुपर्ने हुन्छ । तर, कतिपय ठाउँहरूमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा अन्तर नछुटिने गरी कुराहरू आएका छुन । यसलाई सच्याएर जानुपर्छ,' उनले भने । यो विषयमा दफावार छलफलमा विषय उठाउने उनले बताए ।

माओवादी केन्द्रकी सांसद विमला सुवेदीका अनुसार सशस्त्रको परिचालनमा सीडीओलाई जोडिए त्यसले राजनीतिक हस्तक्षेप निम्त्याउँछ । यसकारण विधेयकमा परिमार्जन आवश्यक छ । उनी भन्छिन्, 'सशस्त्र प्रहरीको परिचालन प्रमुख जिल्ला अधिकारीमार्फत हुने व्यवस्थाले राजनीतिक हस्तक्षेप हुने कुरा निम्त्याउने गर्छ । शक्तिको अनावश्क दुरुपयोग हुन सक्छ । यसतर्फ ध्यान दिन जरुरी छ ।'

सीडीओलाई सस्त्र परि चालनको अधिकार दिने तर, प्रदेश र स्थानीय प्रहरीसँगको समन्वयको विषय नआउनेले विधेयक कतै पश्चगामी भयो कि भन्ने उनको आशंका छ । अगाडि थप्छिन्, 'संघीयताको मर्म र भावना अनुसार यो विधेयक परिमार्जन आवश्यक छ । प्रदेश प्रहरी तथा स्थानीय प्रहरीसँग निश्चित कार्य गर्न सहयोग तथा सहकार्यको आवशयकता पर्न सक्छ । यसतर्फ ध्यान दिन आवश्यक छ ।' राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद सुमना श्रेष्ठ सीडीओले सशस्त्र परिचालन गर्ने विषय पञ्चायती र राजाको पालाको शैलीसँग मिल्दोजुल्दो रहेको बताउँछिन् ।

'यहाँ पूर्वराजाको वक्तव्यको प्रतिवाद गर्दा चुनावमा आउनु भनेको सुनियो,' उनी भन्छिन्, 'तर, विधेयकमा पूर्वराजाकै शैलीमा, पञ्चातकै शैलीमा सशस्त्र प्रहरीलाई सीडीओले खल्तीबाट निकाली निकाली परिचालन गर्न पाउने गरी रानीतिकर्मीहरूले प्रयोग गर्न खोजेको जस्तो देखियो । यसमा मेरो आपत्ति छ ।' राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की सांसद रोशन कार्की सशस्त्रलाई गृह मन्त्रालय मातहत राखिएकोमै आपत्ति जनाउँछिन् ।

'सशस्त्र प्रहरी बल फोर्स हो । यसलाई नेपाल सरकार मातहत नराखेर किन गृह मन्त्रायको शाखाको रूपमा राखिएको हो ? मलाइ अचम्म लागिरहेको छ,' उनले भनिन् । नेकपा एमालेका सांसद दामोदर बैरागी पौडेल सीडीओको भूमिकाबारे विधेयकमा बोल्न नै आवश्यक छैन । उनी भन्छन्, 'परिचालन गर्ने कुरा नेपाल सरकार र गृह मन्त्रालय भनिसकेपछि तल तलसम्म फलाना (सीडीओ) ले भनेर भन्न पर्छ जस्तो लाग्दैन । यो हामीले मिलाउन सक्यौं भने राम्रो हुन्छ ।'

**सरुवा र बढुवा : आईजीपीलाई अधिकार**

सशस्त्र प्रहरीको सरुवा र बढुवामा राजनीतिक हस्तक्षेप भएको भनेर सांसदहरूले सरकारको ध्यानाकर्षण गरेका छन् । व्यक्ति-व्यक्तिको घरमा पुगेर सरुवा र बढुवाका लागि लविइङ गर्नुपर्ने अवस्थाको अन्त्यका लागि उनीहरूले दह्रिलो र उचित नीतिको आवश्यकता औंल्याएका छन् । सरुवा र बढुवाका लागि उचित नीति अवलम्बन गर्न र यसको प्रभवकारिताका लागि यसको मुख्य जिम्मेवारी, जवाफदेहिता र अधिकार सशस्त्र प्रहरी बलको महानिरीक्षक (आईजीपी) लाई दिनुपर्ने बताउँछन् एमालेका सचिव योगेश भट्टराई ।

बढी भन्दा बढी चेन अफ कमाण्डमा सञ्चालन गर्ने, शान्ति सुरक्षाका लागि परिचालन गरिने भएकाले सरुवा र बढुवामा पनि चेन अफ कमाण्ड नै जिम्मेवार हुनुगरी कानुनी व्यवस्था गरिनुपर्ने उनको प्रस्ताव छ । उनी भन्छन्, 'यसलाई अलिकति आफ्नै संगठनको चेन अफ कमाण्डमा यसको सरुवा र बढुवा लगायतको वितृ विकासमा चेन अफ कमाण्डको अधिकारीलाई बढी जवाफदेही बनाउने ढंगले जानुपर्छ ।' सरकारले, गृहमन्त्रालयले आवश्यक नीति तय गर्ने र निर्देशन गर्ने र अनुगमन गर्ने भूमिका आफूमा राख्नुपर्ने उनको आग्रह छ ।

उनी अगाडि थप्छन्, 'सरकारले, गृहमन्त्रालयले आवश्यक नीति निर्देशन र अनुगमन गर्नुपर्दछ र अन्य विषय (सरुवा, बढुवा र वृत्ति विकास) मा संगठनको प्रमुखलाई नै मुख्य जवाफदेही बनाउने किसिमले जानुपर्छ ।' माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेल पनि सशस्त्र प्रहरीको सरुवा र बढुवामा राजनीतिक हस्तक्षेप अन्त्य गरिनुपर्ने बताउँछन् ।

'योग्य व्यक्ति पनि कसैको आशिर्वाद पाएन भने पनि सम्बन्धित निकायको जिम्मेवारीमा पुग्न सक्नुपर्छ । अन्यथा, त्यो न्यायपूर्ण हुँदैन । यसकारण योग्य व्यक्ति प्रतिस्पर्धाको आधारमा निष्ठापूर्वक काम गर्ने प्रणाली वरियताका पनि होस्, कार्यसम्पादनमा पनि उत्कृष्ट होस् जसले जिम्मेवारी पाओस्,' यो ढंगले विधेयकलाई परिमार्जित गर्नुपर्ने पौडेलको राय छ । एमाले सांसद दामोदर पौडेल बैरागी पनि सशस्त्रको परिचालन, सरुवा, बढुवा, भर्ना लगायतका विषय नीतिगत निर्णयका आधारमा हुनुपर्ने बताउँछन् ।

'परिचालन गर्ने, बढुवा गर्ने, सरुवा गर्ने, भर्ना गर्ने जस्ता कुराहरू व्यक्तिकेन्द्रित भन्दा गृह मन्त्रालयको जुन टिम छ त्यो टिमबाट नीतिगत निर्णय गरेर दिएपछि सजिलो हुनेछ । यसो गरिए व्यक्ति प्रभावी हुने र व्यक्ति व्यक्तिको घरमा धाउनुपर्ने परि स्थितिबाट सुरक्षा निकायलाई स्वतन्त्र, स्वायत्त बनाउन सक्छौं,' बैरागीको भनाइ छ । तीन वटै सुरक्षा निकायको परिचालन सुरक्षा समिति मार्फत गरिए त्यो पारदर्शी र हस्तक्षेपकारी नहुन सक्ने पनि उनको राय छ । उनी भन्छन्, 'सेनाको आफ्नै काम छ । सशस्त्र प्रहरीको आफ्नै काम छ । नेपाल प्रहरीको आफ्नै काम छ । यिनीहरूलाई काम लगाउने सुरक्षा संयन्त्र सुरक्षा समिति हुन्छ । त्यो सुरक्षा समितिमार्फत् नै कसलाई कहाँ चलाउने भनेर गरियो भने सजिलो हुन्छ भन्ने लाग्छ ।'

**दर्ज्यानी चिह्न लगाइदिने व्यवस्था फेरौं**

नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेका अनुसार सशस्त्र प्रहरी प्रमुख आईजीपीलाई गृहसचिवले दर्ज्यानी चिह्न प्रदान गर्ने व्यवस्था गलत छ । 'प्रधानसेनापतिको नियुक्ति सरकारको सिफारिसमा राष्ट्रपतिबाट हुन्छ । राष्ट्रपतिले नै दर्ज्यानी चिह्न लगाउँछन् । सशस्त्र प्रहरीमा पनि नियुक्ति नेपाल सरकारले गर्छ । तर, दर्ज्यानी चिह्न गृहसचिवले लगाउने रहेछ । अहिलेको विधेयकमा पनि त्यही आएको छ । यो राम्रो भएन,' उनले भने ।

प्रमुख सचेतक घिमिरेका अनुसार यसलाई बदलेर प्रधानमन्त्रीले दर्ज्यानी चिह्न प्रदान गर्ने व्यवस्था राख्नुपर्छ वा यो नभए गृहमन्त्रीले दज्यानी चिह्न प्रदान गर्ने व्यवस्था राख्नुपर्छ । उनी भन्छन्, 'निर्वाचित संस्थाले नै दर्ज्यानी चिह्न दिने कुरा हामीले गर्नुपर्छ ।' माओवादी केन्द्रकी सांसद विमला सुवेदी सशस्त्र प्रहरीको पदपूर्तिमै फेर बदल आवश्यक रहेको बताउँछिन् । 'सशस्त्र प्रहरी पदपूर्ति समितिबाट भन्दा पनि सशस्त्र प्रहरी सेवा आयोगबाट गर्दा उपयुक्त हुन्छ । यसबाट नियुक्ति प्रक्रियालाई पारदर्शी बनाउनुका साथै हस्तक्षेप मुक्त पनि हुन सक्छ,' सुवेदीको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'लाज शरणम्'का निर्माता भन्छन्, 'अब फिल्मबाट डलर भित्र्याउनुपर्छ'




काठमाडौं/चर्चित टेलिसिरियल 'सक्किगोनि' समूहको पहिलो फिल्म 'लाज शरणम्'बाट नवीन श्रेष्ठ निर्माणमा होमिएका छन् । उनको लगानीमा बनेको यो पहिलो फिल्म हो । लामो समयदेखि रियलस्टेट (घरजग्गा कारोबार) तथा रेस्टुरेन्ट व्यवसायमा सक्रिय रहेका उनी फिल्म निर्माणका लागि कुनै सम्झौता नगरेको दाबी गर्छन् । बजेट, लोकेसन र समयमा सम्झौता नगरी फिल्म बनाएको उनको भनाइ छ ।

'लाज शरणम्'को टिम र मेहनत देखेर फिल्ममा लगानी गरेको निर्माता श्रेष्ठ बताउँछन् । उनी भन्छन्, 'मैले यो टिम एकदमै मेहनती देखें । यसैले फिल्ममा लगानी गरेको हुँ । अब यो क्षेत्रमा प्रवेश गरेपछि म पछि हट्दिनँ, फिल्म बनाइरहने सोच छ ।' रियलस्टेटको व्यापार केही सुस्ताएको बेला फिल्ममा आए पनि यसलाई निरन्तरता दिने उनको भनाइ छ ।

उनी फिल्म निर्माणमा आउनुको एउटा अर्को कारण पनि छ । त्यो हो, उनी फिल्मबाट विदेशी डलर भित्र्याउन चाहन्छन् । भन्छन्, 'विदेशबाट पैसा ल्याउने माध्यम फिल्म पनि एक हो । विदेशी फिल्मले जसरी नेपालबाट पैसा लैजान्छन्, त्यसैगरी हामीले पनि विदेशबाट डलर भित्र्याउनुपर्छ । यसका लागि राम्रो फिल्म बनाउनुपर्छ । यसतर्फ हामीले आ-आफ्नो ठाउँबाट सोच्नुपर्छ ।'

यही बुधबार (महाशिवरात्रि)बाट प्रदर्शनमा आउन लागेको 'लाज शरणम्'लाई उच्च अदालत पाटनले सेन्सर नहुँदासम्म प्रचार-प्रसार नगर्न आदेश दिएपछि रिलिज अन्योल बनेको थियो । आइतबार सेन्सर बोर्डबाट फिल्म पास भएपछि रिलिजका लागि बाटो खुलेको छ । कुमार कट्टेल निर्देशित फिल्ममा सिताराम कट्टेल, विजय बराल, अर्जुन घिमिरे, सागर लम्साल लगायतको अभिनय रहेको छ ।

# 'फेरि रेशम फिलिली'मा मेरो पात्र बोल्ड छ : सुपुष्पा



काठमाडौं/डेब्यु फिल्म 'रणवीर' होस् वा 'चपली हाइट ३' र 'छ माया छपक्कै', तीनवटैमा सुपुष्पा भट्ट सह-अभिनेत्री थिइन् । अब पहिलो पटक उनी मुख्य अभिनेत्री भएर 'फेरि रेशम फिलिली'मा देखिँदैछिन् । यो उनको होम प्रोडक्सनको फिल्म हो । उनका श्रीमान् रौनक विक्रम कँडेल फिल्मका निर्माता हुन् । तर, श्रीमानका कारण उनले यो फिल्म पाएकी होइनन् । उनले अडिसन नै दिएकी थिइन् ।

अडिसनबाट छनोट भएर फिल्ममा अनुबन्ध भएपछि सुपुष्पाको खुसीको ठेगान थिएन । उनी सम्झन्छिन्, 'त्योबेला म सबैभन्दा माथि पुगेजस्तो महसुस भएको थियो । एकदमै खुसी लागेको थियो । प्रोडक्सन हाउस राम्रो, निर्देशक मिहिनेती, स्क्रिप्ट राम्रो र बलियो छ भन्ने थाहा भएकाले फिल्ममा काम गर्न पाएँ भनेर खुसी भएकी थिएँ ।'

'फेरि रेशम फिलिली' ९ वर्षअघि प्रदर्शनमा आएको फिल्म 'रेशम फिलिली'को सिक्वेल हो । अघिल्लो श्रृंखलामा मेनुका प्रधान मुख्य अभिनेत्री थिइन् । सुपुष्पाको बुझाइमा मेनुकाले गरेको पात्रभन्दा आफ्नो फरक छ । उनी भन्छिन्, 'दुवै पात्र एकअर्कासँग बिल्कुलै फरक छन् । मेरो पात्र बोल्ड छ, जो आफूले चाहेको कुरा मात्र सोच्छ र आफूलाई 'मैं हुँ' ठान्छ ।'

सुपुष्पा आफ्नो चरित्रलाई न्याय गर्न कुनै कसर नछाडेको बताउँछिन् । तर, उनलाई पात्रका लागि चाहिने जति तयारी अझै नपुगेको हो कि भन्ने महसुस हुन्छ । एउटै समयमा अर्को फिल्म 'पिताम्बर' लाई पनि समय दिँदा उनले पात्रका लागि पर्याप्त मिहिनेत गर्न पाएकी थिइनन् । उनी भन्छिन्, 'अहिले सोच्दा आफ्नो पात्रका लागि अझ मिहिनेत गर्न सक्थें जस्तो लाग्छ ।'

हरेकपटक फिल्म अफर हुँदा सुपुष्पा स्क्रिप्ट राम्रो होस् भन्ने चाहन्छिन् । उनका लागि 'फेरि रेशम फिलिली' सोचेको जस्तै भइदियो । उनी फिल्मको स्क्रिप्ट र आफ्नो भूमिका एकदमै राम्रो रहेको दाबी गर्छिन् । 'मलाई फिल्मको कुरा आउँदा स्क्रिप्ट राम्रो होस् भन्ने सधैं लाग्छ । यो फिल्ममा स्क्रिप्टसँगै मेरो भूमिका पनि राम्रो छ,' उनले खुसी व्यक्त गरिन् ।

यही बुधबार (महाशिवरात्रि) बाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा सुपुष्पाको जोडी अभिनेता विनय श्रेष्ठसँग बाँधिएको छ । यसमा उनीहरुसहित कामेश्वर चौरासिया, नीर शाह, प्रकाश घिमिरे, शिशिर वाङ्देल, रविन्द्र झा, लक्ष्मी गिरी, एवनराज उप्रेती, महेश त्रिपाठी, मेक्सम गौडेल लगायतको अभिनय छ । अमेरिका जान एक पात्रले गरेको संघर्षको कथामा फिल्म आधारित छ ।

# 'मायावी' चल्नैपर्ने दबाबमा पल

काठमाडौं/अभिनेता पल शाहसँग हिट र फ्लप दुवै फिल्मको अनुभव छ । फिल्म 'नाइँ नभन्नू ल ४'बाट सुखद् डेब्यु गरेका उनलाई 'शत्रु गते' र 'म यस्तो गीत गाउँछु'को व्यापारिक सफलताले करिअरको उत्कर्षमा पुऱ्याएको थियो । तर, पछिल्लो रिलिज फिल्म 'रावायण'को असफलताले भने उनलाई निकै ठूलो धक्का दिएको छ । यो फिल्म नचलिदिँदा उनको स्टारडममाथि नै प्रश्न चिन्ह खडा भएको छ ।

अब यस वर्षका लागि पलको तेस्रो फिल्म 'मायावी' यही बुधबार महाशिवरात्रिबाट प्रदर्शनमा आउँदैछ । 'रावायण'को असफलताले रन्थनिएका उनलाई आफ्नो करिअर सन्तुलित बनाइराख्न 'मायावी' हिट हुनैपर्ने दबाब छ । यसैले उनी यो फिल्मलाई लिएर गम्भीर देखिएका छन् । तर, अर्को फिल्म 'मोहर'को छायांकनले गर्दा उनले रिलिजको संघारमा प्रचार-प्रसारमा समय दिन पाएका छैनन् ।

'मोहर'को छायांकनमा जानुअघि पलले विभिन्न मेला-महोत्सवहरुमा पुगेर 'मायावी'को जोडतोडले प्रचार गरेका थिए । उनी सहभागी भएका हरेक महोत्सवमा मानवसागर नै उर्लिएको देखिन्थ्यो । अब महोत्सवहरुमा उनलाई हेर्न उर्लिएको भीड हलसम्म कति पुग्छ, त्यो सबैभन्दा महत्त्वपूर्ण रहनेछ । र, त्यसबाट उनको स्टारडम पनि मापन हुनेछ । यसअर्थ 'मायावी' उनका लागि अग्नि परीक्षा हो ।

यो फिल्ममा पल 'लभर ब्वाई'को भूमिकामा छन् । दर्शकले उनलाई रुचाएको यही किसिमको भूमिकामा हो । त्यसमाथि उनले पूर्ण लभस्टोरी फिल्म धेरैपछि गरेकाले 'मायावी' दर्शकको रोजाइ बन्न सक्ने सम्भावना देखिन्छ । दीवाकर भट्टराईको निर्देशनमा बनेको फिल्ममा पलको जोडी भएर दीपिका प्रसाईं प्रस्तुत छिन् । यो 'फ्रेस जोडी'का कारण पनि फिल्मप्रति दर्शकमा चासो देखिएको छ ।

# इष्ट इन्डिया कम्पनीका....

यो पृष्ठभूमिमा जुन विश्लेषण दोस्रो विश्वयुद्धपछि अन्तर्राष्ट्रिय सम्बन्ध, मानवअधिकार, लोकतन्त्रको विश्वव्यापीकरण, अन्तर्राष्ट्रिय व्यापारको सन्तुलन, वातावरणको सन्दर्भमा हुन थालेको छ, उदार विश्व व्यवस्थाको अमेरिका एउटा अग्रणी राष्ट्र थियो, त्यसले नै छोडिसकेपछि यसको भविष्य के हुने होलान् भन्ने चिन्ता उठेको छ ।

**विकल्प आउला कि यो विश्व व्यवस्थाको चरण नै सकियो ?**

अघिल्लो पटक ट्रम्प आउँदा चीनले विश्व सामाजिक मञ्चमा जलवायु लगायतका मुद्दाहरूमा जुन किसिमको नेतृत्व लिएको थियो... । जबकि सोभियत युनियन कुनै समयमा अमेरिका अथवा पश्चिमको वैकल्पिक राजनीतिक र सामाजिक-आर्थिक प्रणाली भन्ने थियो, तर त्यसले यो उदार विश्व व्यवस्थाको कल्पना चाहिं गर्दैन । किनभने लोकतन्त्र, असहमतिको अधिकार, वैकल्पिक कुरा त चीनमा पनि सम्भव छैन, रूसमा पनि सम्भव छैन, अहिले हेर्दा । जतिसुकै गरिबको बारेमा बोल्छु भन्दाभन्दै पनि चीन पनि एउटा व्यापारिक देश हो । दक्षिण पूर्व एशियामा हेर्नुभयो भने भूमिपुत्र भर्सेस अरूको जुन संघर्ष हुन्छ, त्यो चिनियाँहरूको प्रभुत्वलाई लिएर छ ।

थाइल्याण्ड, इन्डोनेसिया, मलेसिया लगायतका देशमा । मलेसियाको भूमिपुत्रवाला आन्दोलन कुनै बाहिरीको विरुद्ध होइन, यो त चिनियाँ विरोधी हो । चीन भनेको दक्षिण पूर्व एशियामा प्रभावशाली शक्ति हो । यो अनुभवले के देखाउँछ भने चिनियाँ त पहिले नै कारोबारी भइसकेको छ । उसको सम्पूर्ण र गरगमै चिनियाँ संसारमा सबभन्दा बाठो व्यापारी हुन् । ऊ पनि अठारौं शताब्दीको अन्त्य र उन्नाइसौं शताब्दीको सुरुको साम्राज्यवादी शक्ति जसले ऊ जहाँ जान्छ संस्कृति पनि लिएर जान्छ, औपनिवेशिक शक्ति छोडेर जान्छ, साम्राज्यवादी शक्ति त गएपछि बसेको बस्यै गर्छ ।

त्यो औपनिवेशिक शक्ति र साम्राज्यवादी शक्तिको सैद्धान्तिक भिन्नतामा मैले त्यति खासै ध्यान दिएको छैन, तर मलाई त्यो शङ्का चाहिं आइरहेको छ । के उदारवादी लोकतन्त्रले ट्रम्प जन्मायो ? निर्वाचनले हरेक किसिमका मान्छे जन्माएका छन् । हिटलर, शेख हसिना, राजापाक्षे पनि चुनावबाटै जन्मिएका हुन् । तर कुरा के हो भने यसमा विकल्प सम्भव छ भन्ने कुराबाटै वैकल्पिक नेतृत्व आएको हो । उनीहरू पनि कुनै प्रभावशाली वैकल्पिक नेतृत्व हुन् । तर हामीले बुझ्ने कुरा के हो भने ती हरेक विचारको अथवा संस्थाहरूको आफ्नो जीवन हुने रहेछ । मलाई लाग्छ कताकता यो उदार लोकतन्त्रको समयले आफूलाई पुन: आविष्कार गर्न सक्छ कि सक्दैन भनेर हेर्नुपर्छ । पुन: आविष्कार गर्न सकेन भने त कुनै न कुनै किसिमको बाटो पक्रिन्छ नि ?

अबको २०-४० वर्ष हुनसक्छ यस्तै लोकप्रियतावादी अधिनायकवादी नेतृत्व र कल्पनाको समय हो कि ? किनभने ऐतिहासिक चक्रमा हामीले हेर्दा त्यो देखिरहेका छौं । हामीले त्यति इतिहास पढ्दैनौं । म पनि खासै इतिहासको विद्यार्थी होइन तर सरसर्ती हेर्दा प्लेटोको रिपब्लिक हेऱ्यौं भने जहिले पनि तनाव त छ नि स्पार्टा भर्सेस एथेन्सको, लोकतन्त्र भर्सेस ओलीगार्की (अल्पतन्त्र) को तनाव छँदैछ । पछि लोकतन्त्रलाई प्लेटोले भीडतन्त्र भनेका छन् । त्यहाँ पनि धेरै वर्ष सेटल हुन लाग्यो र अहिले हामी प्रतिनिधिमूलक लोकतन्त्र भर्सेस सहभागितामूलक लोकतन्त्रको कुरा गर्छौं ।

*(साभार: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बाराका चौधरी अवैध सुनसहित प्रहरी नियन्त्रणमा

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले अवैध सुनसहित हेटौंडाबाट एक जनालाई नियन्त्रणमा लिएको छ ।

बाराको कोल्वी नगर पालिका-५ का ३३ वर्षीय जस जोशी चौधरीलाई प्रहरीले ४३ दशमलव ३८ ग्राम सुनसहित हेटौंडाबाट पक्राउ गरेको हो । पूर्वपश्चिम राजमार्ग अन्तर्गत हेटौंडा-१५ रातोमाटेमा हेटौंडातर्फ आउँदै गरेको ना. ५ ख ५१२९ नम्बरको बसलाई चेकिङको क्रममा सुन फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । बसचालक चौधरीलाई शंकाको आधार मा बसबाट ओरालेर खानतलासी गर्दा ४३ दशमलव ३८ ग्राम सुन फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरीउपरीक्षक विश्वराज खड्काले जानकारी दिए ।




उनका अनुसार पक्राउ परेको सुनको बजार भाउ ६ लाख ३५ हजार २२६ रुपैयाँ रहेको छ । सुनसहित पक्राउ परेका जस जोशी चौधरीलाई आवश्यक अनुसन्धान एवम् कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारा पठाइएको प्रहरीउपरीक्षक खड्काले जानकारी दिए । यस्तै, मकवानपुर प्रहरीले २ थान शंकास्पद मोटर साइकल सहित १ जनालाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय फापरबारीबाट खटिएको प्रहरी टोलीले बागमती गाउँपालिका-७ बाखेडाँडामा मोटरसाइकलको पार्टस अदलीबदली गरिरहेको अवस्थामा एक जनालाई पक्राउ गरेको हो ।

बारा कलैया उपमहानगर पालिका-८ घरभई बागमती गाउँपालिका-८ मा मोटरसाइकल ग्यारेजका सञ्चालक समिम अन्सारीलाई बागती प्रदेश ०२-०५४ प १४३१ र बा ८० प ९५१ नम्बरको मोटसाइकल, इन्जिन, चेसिसलगायत अन्य पाटपूर्जा सहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरीउपरीक्षक खड्काले जानकारी दिए । मकवानपुर प्रहरीले गतवर्ष चोरी भएका ९८ मोटरसाइकलमध्ये ९ वटा मात्रै फेला पारेको थियो । यस वर्ष ५२ वटा चोरी भएकोमा २७ वटा मोटरसाइकल फेला पार्न सफल भएको प्रहरी प्रमुख खड्काले बताए ।

# दक्ष जनशक्ति उत्पादनको लागि सीप परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ थाहा नगरपालिकामा उद्योगको लागि चाहिने दक्ष जनशक्ति उत्पादनको लागि सीप परिक्षण कार्यक्रम भएको छ ।

बागमती प्रदेशको उद्योग, वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयअन्तर्गत उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय हेटौंडाको आयोजना तथा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजनमा सीप परीक्षण भएको हो । फागुन ११ र १२ गते भएको कार्यक्रममा ३० जना महिलाको सीप परीक्षण गरिएको उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कोषाध्यक्ष कविराज खत्रीले जानकारी दिएका छन् । थाहानगर उद्योग वाणिज्य संघको सभाहलमा थाहा नगरपालिकाभित्र सिलाइबुनाई तालिम लिएका महिलाको सीप परीक्षण गरिएको हो ।

सीप सिकेका तर, प्रमाणपत्र नभएकाहरुको लागि उद्योग वाणिज्य संघ बागमती प्रदेशको समन्वयमा सीप परिक्षण सहित उत्कृष्ट १५ जनालाई प्रविधि हस्तान्तरण गरिने निरीक्षक तथा उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका निर्देशक विवेक मानन्धरले बताएका छन् ।

# प्रेस चौतारी बागमती प्रदेश अध्यक्षमा रिमाल सर्वसम्मत



साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/प्रेस चौतारी नेपाल बागमती प्रदेश कमिटीको अध्यक्षमा तिलकराम रिमाल सर्वसम्मत निर्वाचित भएका छन् ।

चितवनको नारायणगढमा सम्पन्न अधिवेशनले रिमालको अध्यक्षतामा ३१ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको हो । कमिटीको उपाध्यक्षमा प्रज्ज्वल पौडेल, उपाध्यक्ष (महिला) मा तारा बस्नेत, महासचिवमा प्रकाश दाहाल, कोषाध्यक्षमा रामशरण दुलाल, सचिवमा गोविन्द घिमिरे, लक्ष्मण घिमिरे, भोलाराज पौडेल, रुपक कोइराला, नवराज श्रेष्ठ, जगतमान तामाङ निर्वाचित भएका छन् ।

त्यसैगरी सदस्यहरुमा दीपेन्द्र अधिकारी, राजेश घिमिरे, आरती ढकाल, विबस अधिकारी, रविन ढुंगाना, कविराज ढकाल, राजाराम डंगोल, दीपकबिक्रम देउजा, पुरुषोत्तम रिजाल, सुनिता विष्ट, दीपा भण्डारी, रविन्द्र भट्टराई, देवराज सुवेदी, रुपक कालिराज, अमिर रामदाम, सुदीप अधिकारी, रामेश्वर रिजाललगायत निर्वाचित भएका छन् ।

सर्बसम्वतरुपमा निर्वाचित सबैजनालाई प्रेस चोतरी नेपालका अध्यक्ष गणेश बस्नेतले सपथ तथा प्रमाणपत्र वितरण गरेका थिए । अधिवेशनको उद्घाटन सत्रलाई एमालेका बरिष्ठउपाध्यक्ष ईश्वर पोखरेल, प्रचार विभागप्रमुख राजेन्द्र गौतम, संगठनका अध्यक्ष गणेश बस्नेत लगायतले सम्बोधन गरेका थिए ।

# आवास निर्माणका लागि ६ चेपाङले गरे सम्झौता



साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ मकवानपुरको कैलाश गाउँपालिकाका ६ जना चेपाङले आवाज भवन निर्माणको लागि सम्झौता गरेका छन् ।

सोमबार गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको अध्यक्षतामा बसेको बैठले लाभग्राही रहेका ६ जना चेपाङले सम्झौता गरेका हुन् । बागमती प्रदेश सरकारबाट चेपाङ, वनकरिया, बोटे, माझीको एकीकृत बस्ती तथा आवास कार्यक्रम अन्तरगत सम्झौता गरिएको हो । लाभग्राहीलाई लक्षित गर्दै गाउँपालिका अध्यक्ष मुक्तानले कार्यालयको मापदण्ड अनुरुप घर बनाउनु भन्दै समयमै निर्माण सम्पन्न गर्न आग्रह गरेका छन् । गत आर्थिक वर्षमा २५ जनाले सम्झौता गरेको उनले बताए । विगतदेखि स्थायी रुपमा बसोबास गरेका चेपाङ परिवार भवन निर्माणको लागि छनोट गरी सिफारिस गरिएको अध्यक्ष मुक्तानले बताए ।

लाभग्राहीले दुई कोठे १२/१२ फिटको घर निर्माण गर्नुपर्ने मापदण्ड रहेको कार्यालयको कैलाशका फोकल पर्सन सुर्दशन दवाडीले बताए । दुईकोठे भवनसँगै सम्झौताअनुरुप शौचालय समेत निर्माण गरिनुपर्ने बताए । पहिलो किस्तामा भवनको जग खनेपश्चात २० प्रतिशत रकम, दोस्रो किस्ता सिल लेवल (झ्यालसम्म) निर्माण पश्चात् ४० प्रतिशत रकम र भवन निर्माणपश्चात् ४० प्रतिशत रकम प्राप्त गर्ने दवाडीले बताए ।

लाभग्राहीले खाता नम्बर र प्यान नम्बर कार्यालयमा बुझाउनुपर्ने छ । सम्झौता गर्नेमा कैलाश-३ का ज्ञानमाया प्रजा, रामचन्द्र प्रजा, खुशीलाल चेपाङ र कैलाश-४ का प्रवीण प्रजा, हरिमाया प्रजा चेपाङ र गंगालाल प्रजा रहेको दवाडीले बताए । सम्झौता कार्यक्रममा सहरी विकास तथा भवन कार्यालय हेटौंडाका लेखाअधिकृत खिमानन्द पौडेल, अधिकृत सुरेन्द्र राई, सामाजिक परिचालक खेम प्रजा, कार्यालयको कैलाशको लागि फोकल पर्सन सुर्दशन दवाडी लगायतको उपस्थिति रहेको थियो ।

# चित्लाङ-चन्द्रागिरि सडक स्तरोन्नति गर्न ४० करोड सुनिश्चित्त

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ हेटौंडा-काठमाडौं जोड्ने 'गणेशमान सिंह मार्ग' सडकको चित्लाङ-चन्द्रागिरि खण्डको स्रोत सुनिश्चित भएको छ ।

मकवानपुर क्षेत्र नम्बर २ का सांसद तथा नेकपा एमालेका मुख्यसचेतक महेश बर्तौलाले ४० करोड लागतमा अब सडक स्तरोन्नति हुने बताएका छन् । बर्तौलाका अनुसार यसवर्ष सरकारले सडक डिभिजन काठमाडौंले योजना कार्यान्वयन गर्ने गरी ४० करोड बराबरको स्तरीकरणको काम गर्दैछ । १५ करोड बराबरको ठेक्का दुई साताअघि लागेको थियो भने अहिले पुन: यो सडकमा २५ करोडको ठेक्का लगाउने गरी आज सोमबार सर्वेक्षण भएको हो ।

डिभिजन सडक कार्यालय काठमाडौंका प्रमुख नारायणदत्त भण्डारीले यो वर्ष ठेक्का प्रक्रियाका लागि १० प्रतिशत रकम सहित २५ करोडको थप सहमति दिएको हो । '४० करोड आवश्यक रहेकोमा १५ करोड बराबरको ठेक्का लागिसकेको छ । थप २५ करोडको पनि स्रोत सुनिश्चत गरेर अर्थ मन्त्रालयले सहमति दिएको हो । यसबाट केही छुटपुट बाहेक चन्द्रागिरि-चित्लाङ खण्ड सहज हुन्छ,' भण्डारीले भने ।

काठमाडौं चन्द्रागिरिबाट मकवानपुर चित्लाङ जोड्ने २२ किलोमिटर लामो गणेशमान सिंह मार्ग डरलाग्दो छ । थानकोटबाट सुरु हुने यो सडक चन्द्रागिरि पहाडसम्म उकालो छ, त्यसपछि ओरालो झरेर चित्लाङ पुग्छ । यो सडकको अप्ठेरो भाग थानकोटदेखि चन्द्रागिरि डाँडासम्म छ । त्यसपछि तुलनात्मक सजिलो छ । वर्षामा हिलो र हिउँदमा धुलोका कारण दैनिक हजारौं यात्रुले सास्ती खेप्दै आएका छन् । सडक विभागले यसअघि बजेट अभावमा काम गर्न नसकेको बताउँदै आएको थियो ।

# अटो पेस्तोल सहित भारतीय नागरिक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १२ फागुन/ मकवानपुर प्रहरीले गोली लोड भएको अत्याधुननिक अटो पेस्तोल सहित दुई भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

प्रहरीचौकी रातोमाटे र अस्थाई प्रहरी पोष्ट हरियालीबाट खटिएको संयुक्त प्रहरीटोलीले गौरबाट चितवन जाँदै गरेको ना ख ८७७३ नम्बरको बस हेटौंडा-१५ रातोमाटेमा चेकजाँच गर्नेक्रममा १ राउण्ड गोली सहितको नाइन एमएमको अटो पेस्तोल र त्यसमा प्रयोग हुने थप दुईथान गोली बरामद गरेको हो ।

प्रहरीले विशेष सुराकीको आधारमा अत्याधुनिक पेस्तोल सहित भारत बिहार सिहुहर जिल्ला धनहराग्राम बस्ने वर्ष २२ का धिरज कुमार र मोतिहारी जिल्ला बहरी बस्ने दीपक कुमारलाई पक्राउ गरेको मकवानपुरका प्रहरीप्रमुख विश्वराज खड्काले जानकारी दिएका छन् ।

'हामीले विशेष सूचनाको आधारमा प्रहरीचौकी रातोमाटे र अस्थायी प्रहरी पोस्ट हरियालीको टोलीले चेकिङ गर्ने क्रममा पेस्तोलसहित दुईजना भारतीयलाई पक्राउ गरेका हौं', प्रहरी उपरीक्षक खड्काले भने, 'प्रारम्भिक अनुसन्धानबाट हेटौंडामा कसैलाई दिनेगरी ल्याएको भन्ने जानकारीमा आएको छैन ।' यस विषयमा थप अनुसन्धान प्रक्रिया अघि बढाइएको उनले बताए । अपराधिक क्रियाकलाप हुने स्थानमा यसअघि पनि हात हतियार किनबेच हुने गरेको प्रहरी उपरीक्षक खड्काको भनाइ छ ।

हेटौंडा उपमहानगरपलिका
२ नं. वडा कार्यालय
हेटौंडा-२, मकवानपुर
बागमती प्रदेश, नेपाल

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- जेब्राक्रसिङ, सडक चिन्ह र ट्राफिक नियमहरूको पालना गरौं,
- मोटरसाइकलमा हेलमेट, कारमा सीट बेल्ट लगाउन नबिसौं,
- नियमित सवारी साधनको जाँच गरौं,
- मादकपदार्थ सेवन गरेर सवारी नचलाऔं,
- सवारी साधन चलाउँदा मोवाइल प्रयोग नगरौं,
- ट्राफिक व्यवस्थापनमा सहयोग गरौं,
- बालवालिकालाई सडक नियम सिकाऔं र सुरक्षित स्थानमा हिँड्न प्रेरित गरौं ।

माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

नोट :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

हार्दिक बधाई तथा शुभकामना



लालकाजी रत्न बज्राचार्य

२०८१ साल फागुन १० गते शनिबार भक्तपुरमा सम्पन्न नेपाल तेक्वान्दो संघ बागमती प्रदेश समितिको तेस्रो वार्षिक साधारण सभामा नेपाल तेक्वान्दो संघ जिल्ला कार्यसमिति मकवानपुरको अध्यक्ष हाम्रो ज्वाई लालकाजीरत्न बज्राचार्य प्रदेशका १३ जिल्लामध्ये उत्कृष्ट जिल्ला अध्यक्षको रुपमा सम्मानित हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

लक्ष्मीदेवी बज्राचार्य
प्रदिपराज बज्राचार्य एण्ड सन्स
एवम्
समस्त बज्राचार्य परिवार

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना